नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०४/३१)

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम आ-आफ्नो विद्यालयमा यो सूचना प्रकाशन भएको ६० (साठी) दिन (२०८१ असोज मसान्त) भित्र निवेदन पेश गर्नुहुन साथै सम्वन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुने गरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्वन्धी थप जानकारी सचिवालयको वेवसाईटमा विस्तृत सूचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एवं सम्वन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्वर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ। सूचना तथा कार्यविधि सचिवालयको वेवसाईट www.feb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रे

कार्यकारी निर्देशक

गैडहवा गाउँपालिका

दर्ता नं. 328

दर्ता मिति २०८१.०५.०२